# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

## MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

**नेपाल राष्ट्र बैंकबाट (घ) वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)**

# कर्मचारी आवश्यकता

**प्रकाशित मिति : २०७९ चैत्र २ गते**

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था हो। नेपालका ९ वटा बैंकहरुद्वारा संयुक्त रुपमा प्रवर्द्धित यस वित्तीय संस्थाले हाल नेपालका ६४ वटा जिल्लामा १४९ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त कारोबार गर्दै आइरहेको छ। यस संस्थाले केन्द्रीय कार्यालय तथा मौजुदा शाखा कार्यालयका लागि देहायबमोजिमको जनशक्ति आवश्यक पर्ने भएकोले योग्यता पुगेका इच्छुक तथा अनुभवी नेपाली नागरिकहरुबाट मिति २०७९ चैत्र १६ गते कार्यालय समयभित्र निम्न ठेगानामा आइपुग्ने गरी तोकिएको नमूनाबमोजिमको रीतपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक/वाञ्छनीय योग्यता |
|---|---|---|---|---|---|
| १ | ०४/२०७९/८० (खुल्ला) | विभागीय प्रमुख (सहायक प्रबन्धक देखि बरिष्ठ प्रबन्धक सम्म) | व्यवस्थापकीय | केही | स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा कम्तीमा ५ वर्ष अधिकृत श्रेणीको कार्य अनुभव भएकाले दरखास्त दिन सक्नेछन्। लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा ७ वर्ष अधिकृत श्रेणीको अनुभव भई केन्द्रीय कार्यालयमा कार्य गरेका दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |
| २ | ०५/२०७९/८० (खुल्ला) | शाखा प्रबन्धक (सहायक देखि सुपरिवेक्षक सम्म) | सहायक | केही | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरी लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएकाले दरखास्त दिन सक्नेछन् तर लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा शाखा प्रवन्धकको रुपमा २ वर्ष कार्य अनुभव भई मोटरसाइकल एवं चालक अनुमतिपत्र भएका र कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |
| ३ | ०६/२०७९/८० (खुल्ला) | कनिष्ठ सहायक | सहायक | केही | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण गरी लघुवित्त तथा बैंकिङ्ग क्षेत्रमा कम्तीमा २ वर्षको कार्य अनुभव भएका र मोटरसाइकल एवं चालक अनुमतिपत्र भएका तथा कम्प्युटर सम्बन्धी दक्ष उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |
| ४ | ०७/२०७९/८० (खुल्ला) | सूचना प्रविधि सहायक र सूचना सञ्चार सहायक (करार) | सहायक | केही | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतीर्ण भएको, Intermediate Microsoft Office Package, Intermediate Graphic Designing, Intermediate Video/Audio Mixing सम्बन्धी अनुभव भएको र मोटरसाइकल एवं चालक अनुमतिपत्र भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। |

**उमेर :** व्यवस्थापकीय श्रेणीका लागि ४० वर्ष ननाघेको र सहायक श्रेणीको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। तर, महिलाको हकमा ५ वर्ष थप हुनेछ।

**नोट :** माथिको विज्ञापन नं. ०४/२०७९/८०, ०५/२०७९/८० र ०६/२०७९/८० का पदहरुमा अनुभवको आधारमा स्थायी वा ६ महिना परीक्षणकाल (Probation) मा नियुक्ति दिइनेछ तर कार्य अवधि गणना गर्दा परीक्षणकाल समेतलाई स्थायी अवधिमा गणना गरिनेछ। विज्ञापन ०७/२०७९/८० को पदमा संस्थाको नियम अनुसार करारमा उल्लेख गरिएबमोजिम हुनेछ।

**अन्य जानकारी :**

१. **परीक्षाको किसिम :** आवश्यकता अनुसार अन्तरवार्ता, प्रस्तुतिकरण, कम्प्यूटर र प्रयोगात्मक।

२. **आवेदन पठाउने ठेगाना:** *apply.meromicrofinance.com* मा गई अनलाइन दरखास्त फाराममा भएका विवरणहरु भर्नु पर्नेछ। रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन। रीतपूर्वक प्राप्त आवेदनमध्ये छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ।

(**नोट : कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।**)

**पदपूर्ति समिति**

**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**

**केन्द्रीय कार्यालय बट्टार, नुवाकोट**